# मंगला गाउँपालिकाको करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७

(स्वीकृत मितिः २०७७/०९/०५)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# मंगला गाउँपालिकाको करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :**

स्थानीय सरकार संचालन ऐन, २०७४ र संविधानको अनुसुची-८ मा व्यवस्था भए बमोजिम आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी नीति, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन र नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहको भएको र मंगला गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा २३ र २४ मा रहेको व्यवस्था अनुरुप गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रिक्त दरबन्दी ,राहत अनुदान , अन्य शिक्षक अनुदान तथा गाउँपालिकाको शिक्षक अनुदान बाट समेत तलब भत्ता लिने गरी करारमा नियुक्ति हुने शिक्षकहरुको छनौट एवम् सिफारिस पद्धतिलाई व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाच्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०७७/०९/०५ को बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धि कार्यविधि, २०७७" रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विद्यालय" भन्नाले पूर्व प्राथमिक देखि कक्षा १२ सम्म अध्यापन हुने शिक्षण संस्थालाई सम्झनु पर्दछ।

(ख) "विषय विज्ञ" भन्नाले आधारभुत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) सम्म अध्यापन गर्ने शिक्षक छनौट तथा सिफारिस गर्न यस कार्यविधिको दफा (४) बमोजिम सूचीकृत भएका आधारभुत र माध्यमिक तहका शिक्षकहरुलाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले मंगला गाउँपालिका, बाबियाचौर,म्याग्दीलाई सम्झनु पर्दछ।

(घ) "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलबसुविधा लिई काम गर्ने जुनसुकै कर्मचारी सम्झनुपर्दछ।

(ङ) "गाउँ शिक्षा समिति" भन्नाले मंगला गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ।

(च) "करार शिक्षक छनौट तथा सिफारिस समिति" भन्नाले गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा २३ र यस कार्यविधिको परिच्देछ २ दफा ३ बमोजिमको समितिलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## करार शिक्षक छनौट तथा सिफारिस समितिको गठन

३. करार शिक्षक छनौट तथा सिफारिस समिति : (१) यस मंगला गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको रिक्त दरबन्दी ,राहत अनुदान वा गाउँपालिकाको अनुदान बाट तलब भत्ता पाउने गरी करारमा नियुक्ति हुने शिक्षकहरु छनौट तथा सिफारिस गर्न मंगला गाउँपालिकाको शिक्षा ऐन २०७५ को दफा २३ बमोजिमको समितिका अतिरिक्त २ जना विषय बिज्ञ सदस्यको रुपमा रहने छन् ।

(२) कार्यविधिको दफा (३) उपदफा १ बमोजिम थप हुने २ जना विषय बिज्ञको छनोट गाउँपालिकाको विषय विज्ञको सूचि मध्येबाट सम्बन्धित विद्यलाय व्यबस्थापन समितिले छनोट गर्ने छ ।

(३) कार्यविधिको दफा ३ (१) बमोजिमको समितिबाट छनौट भई नियुक्त भएको शिक्षकको पद राजिनामा दिई वा पद आचरण बाहेकको गलत क्रियाकलाप गरी कारबाहीमा परी स्थान रिक्त हुन गएमा छ महिनाको अवधिसम्म प्रतिक्षा वा वैकल्पिक सूचीमा रहेको मध्येबाट विद्यालयले नियुक्ति दिन सक्ने छ

(४) यस कार्यविधिमा उल्लेख भएको बाहेक करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## विषय विषज्ञको सुची तयार गर्ने

४. **विषय विज्ञको छनौट सम्बन्धी व्यवस्था : (१) यस मंगला** गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त रहेने दरबन्दी , राहत अनुदान तथा गाउँपालिकाको अनुदानमा वा अन्य अनुदान वा विद्यालय श्रोतबाट तलब भत्ता खाने शिक्षकहरु करारमा नियुक्ति गर्ने प्रयोजनको लागि विषय बिज्ञ ( रोष्टर ) को सूचि गाउँपालिकाले तयार गर्ने छ । प्रचलित संघीय शिक्षा ऐन तथा नियमावली एवं मंगला गाउँपालिकाको शिक्षा ऐन, २०७५ तथा करार शिक्षक छनोट कार्यविधि २०७७ बमोजिम स्वीकृत दरबन्दी , राहत अनुदान ,गाउँपालिकाको अनुदान तथा अन्य अनुदानमा शिक्षक नियुक्तिकालागि छनौट तथा सिफारिस गर्न आवश्यक पर्ने विषय बिज्ञहरुको आवश्यक योग्यता निर्धारण गरी गाउँपालिकाले १५ दिनको विषय विज्ञको रुपमा सुचीकृत हुने सूचना प्रकाशन गरी प्राप्त निवेदन मध्ये छानबीन गरी शिक्षा शाखाले विज्ञहरुको अन्तिम सुची बनाई प्रकाशन गर्ने छ ।

(२) उपनियम (१) बमोजिम सुचीकृत हुन चाहेने विषय विज्ञले जुन तह र विषयको लागि विज्ञ हुन चाहेको हो सोही तह र विषयको १।१ सेट प्रश्न पत्रहरु र तिनका उत्तर कुन्जिका तयार शिक्षा शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ

## परिच्छेद-४

## विषय विज्ञको योग्यता सम्बन्धी व्यवस्था

५. **विषय विज्ञको योग्यता सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयमा साविक स्वीकृत दरबन्दीमा वा राहत अनुदान वा गाउँपालिकाको अनुदान वा अन्य अनुदान बाट तलबभत्ता खानेगरी करारमा नियुक्तहुने शिक्षक पदपुर्तिकालागि बिषय बिज्ञको न्युनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ :

(क) आधारभुत (साविक प्राथमिक ) तहको लागि शिक्षा शास्त्रमा स्नातक तह उत्तिर्ण गरेको र कम्तीमा प्राथमिकतहमा स्थायी सेवा अबधि १ बर्ष पुरा गरेको ,साविक निम्न माध्यमिक तहको लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको र कम्तिमा निम्न माध्यमिक तहमा स्थायी भै १ बर्ष सेवा अबधि पुरा गरेको

ख) माध्यमिक तहको लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उतिर्ण गरी माध्यमिक तहको स्थायी शिक्षकको रुपमा १ बर्ष सेवा अबधि पुरा गरेको ।

ग) साविक उच्च माध्यमिक तहको लागि सम्बन्धित विषयमा कम्तिमा द्वीतीय श्रेणीमा स्नातकोत्तर तह उत्तिर्ण गरी क्याम्पसमा ३ बर्ष अध्यापन गरेको वा उपरोक्तानुसार शैक्षिक योग्यता पुगेको र माध्यमिक तहको द्वितीय श्रेणीमा कार्यरत स्थायी शिक्षक

२. तर अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि प्राविधिक धारका शिक्षक छनौट तथा सिफारिस समितिमा विषय विज्ञको रुपमा गाउँपालिकाले आबस्यक पदको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट तोक्न सक्नेछ । गाउँपालिका क्षेत्रभित्र विषय विज्ञको रोष्टर बनाउदा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय ईकाई, म्याग्दी वा अन्य छिमेकी स्थानीय तहमा रहेका विषय विज्ञ समेतलाई लिन सकिने छ । उपरोक्तानुसार विज्ञ उपलब्ध हुन नसकेमा गाउँपालिकाले उपयुक्त ठानेको सम्बन्धित विषयमा उच्चतम योग्यता पुगेको शिक्षकलाई खटाउन सक्ने छ ।

## परिच्छेद-५

## शिक्षक छनौट सम्बन्धी पाठ्यक्रम र प्रश्नपत्र

६. परीक्षाको पाठ्यक्रम : (१) शिक्षक छनोटकालागि लिइने परीक्षाको पाठ्यक्रम तथा प्रश्नपत्रको ढाँचा शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम बमोजिम हुनेछ ।

(२) शिक्षक छनोट कार्यको लागि आबस्यक पर्ने प्रश्न पत्रहरुको बैंक तयार गर्ने कार्य गाउँपालिकाले गर्ने छ यस कार्यकालागि कार्यविधिको उपदफा ४ बमोजिम सूचिकृत भएका विषय विज्ञहरुलाई बोलाई निर्धारित पाठ्यक्रम र तोकिएको ढाँचा अनुसार प्रश्नपत्र निर्माण र उत्तर कुन्जीका निर्माण गरिने छ ।

(३) विषयतग विशेषज्ञद्धारा निर्मित प्रश्नपत्रलाई आवश्यकतानुसार सम्बन्धित विषय विशेषज्ञ समेत समावेश गरी परिमार्जन (मोडेरेसन) गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राखिनेछ । प्रश्नपत्र परिमार्जन गर्दा लाग्ने लागत/खर्च गाउँपालिकाबाट नियमानुसार व्यवस्था गरिने छ ।

(४) प्रश्नपत्र तयार गर्दा गोपनीयताका साथ तयार गर्नुपर्दछ । यसरी तयार गरिएको प्रश्नपत्र सुरक्षित साथ राख्ने जिम्मेबारी शिक्षा शाखाको हुने छ ।

## परिच्छेद-६

## शिक्षक छनौट तथा सिफारिस प्रकृया

७. **करार शिक्षकको लागि विज्ञापन** : (१) विद्यालयमा रिक्त दरबन्दी , राहत अनुदान , गाउँपालिका अनुदान वा अन्य अनुदान समेतबाट तलब भत्ता खाने गरी करारमा शिक्षक नियुक्ति गर्न विद्यालयले गाउँपालिका बाट रिक्त रहेको प्रमाण समेत राखी विषय समेत खुलाई विद्यालय व्यबस्थापन समितिको निर्णय सहित गाउँपालिकामा निबेदन दिनुपर्ने छ । यसरी प्राप्त निबेदन र गाउँपालिकाको अभिलेख समेत भिडाई रिक्त रहेको देखिएमा गाउँपालिकाले विद्यलायलाई विज्ञापन गर्ने अनुमति दिनु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम विज्ञापन गर्न अनुमति प्राप्त गरेपछि सम्बन्धित विद्यालयले गाउँपालिकाको समन्वयमा रित पुर्वक ७ (सात) देखि १५ (पन्ध्र) दिनसम्मको सार्वजनिक विज्ञापन प्रकाशन/प्रशारण गर्नुपर्नेछ ।

(३) यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिमको प्रकृया बाहिरबाट करार सेवामा शिक्षक नियुक्त भएमा वा गरिएमा त्यस प्रकारको शिक्षकको तलबभत्ता र अन्य सुविधा उपलब्ध गराउन गाउँपालिका बाध्य हुनेछैन ।

(४) माथि उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विद्यालयले आफ्नो विद्यलायमा रिक्त दरबन्दी ,राहत अनुदान कोटा , गाउँपालिका अनुदान कोटा वा अन्य अनुदानकोटामा शिक्षक नियुक्ति गर्न अनुमति नलगि गाउँपालिकालाई नै विज्ञापन गरी छनोट तथा सिफारिस गरीदिन विद्यालय व्यबस्थापन समितिको निर्णय सहित निबेदन गरेमा गाउँपालिकाले विज्ञानपन गर्ने छ । गाउँपालिकाले गर्ने विज्ञापनमा शिक्षक छनोट तथा सिफारीस गर्न देहाय बमोजिमको करार शिक्षक छनोट समिति रहने छ ।

- क) प्रमूख प्रशासकिय अधिकृत –संयोजक
- ख) प्रमूख प्रशासकिय अधिकृतले तोकेको १ जना अधिकृत कर्मचारी –सदस्य
- ग) शिक्षा शाखा प्रमूखको सिफारिसमा प्रमूख प्रशासकिय अभिकृतले तोकेको २ जना बिषय बिज्ञ –सदस्य
- घ) शिक्षा शाखा प्रमूख सदस्य – सदस्य सचिव

.८. **करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी व्यवस्था** : (१) शिक्षक छनौट तथा सिफारिस समितिको सचिवालय गाउँपालिकाको कार्यालय वा शिक्षक छनौट समितिले तोकेको स्थानमा हुनेछ ।

(२) शिक्षक छनौट तथा सिफारिस समितिले करार शिक्षक छनौटका लागि लिईने लिखित परीक्षाको केन्द्र  तथा अन्तरवार्ता हुने स्थान छनोट समितिले तोके बमोजिम हुनेछ, तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनौट गर्दा प्रयोगात्मक परीक्षा सम्बन्धित प्रयोगशाला भएको स्थानमा राख्न सकिनेछ ।

(३) सूचीकृत विषय विज्ञ   सम्बन्धित विद्यालयको  शिक्षक रहेको भए विशेषज्ञको रुपमा मनोनित गर्नु हुदैन/पाईने छैन ।

(४) विज्ञापन पश्चात दरखास्त प्राप्त भएपछि छानबिन गरी रीत पुगेका निवेदनलाई दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेशपत्र प्रदान गर्नुपर्नेछ । साथै स्वीकृत नामावलीको सूची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तरवार्ता परीक्षाको मिति र स्थान समेत जानकारी गराउनु पर्नेछ ।

(५) करार सेवामा नियुक्त शिक्षकको पदावधि सुरुमा बढीमा एक आर्थिक वर्षको लागि हुनेछ । शैक्षिक गुणस्तर अभिवृद्धिमा पुग्ने योगदान एवम् कार्यसम्पादन मुल्याङ्कनको आधारमा विद्यालयले  करार थप गर्न वा नगर्न सक्नेछ । साथै यस प्रकृयाबाट सेवा करारमा नियुक्त गरिएका शिक्षक कार्यरत विद्यालयमा शिक्षक सेवा आयोग मार्फत स्थायी शिक्षक सिफारिस भई आएमा तथा करार सेवामा नियुक्त शिक्षकको आवश्यकता, औचित्य र सान्दर्भिकता पुष्टि नभएमा निजसंगको करार जुनसुकै बेला करार सम्झौता विद्यालय वा गाउँपालिकाले  भंग गर्न सक्नेछ, वा निजलाई अन्य विद्यालयमा काजमा खटाउन सक्नेछ ।

## परिच्छेद-७

## परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

९. **परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था** : (१) करार शिक्षक छनौट समितिले परीक्षा हुने मिति, समय र केन्द्र तोक्नेछ र मर्यादित वातावरणमा परीक्षा संचालन गर्नेछ ।

(२) करार शिक्षक छनौट तथा सिफारिस समितिले लिने लिखित परीक्षाको पुर्णाङ्क ,उत्तिर्णाङ्क अन्तरवार्ता को पूर्णाङ्क शिक्षक सेवा आयोगको पाठ्यक्रममा तोके बमोजिम हुने छ  । समितिले आबस्यकता ठानेमा प्रयोगात्मक परीक्षा लिन सक्ने छ ।

(३) प्रश्नपत्रको निर्माण विषय विज्ञले प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत स्तरको कर्मचारीको रोहबरमा निर्माण गरि  परीक्षा हुनु पूर्व कम्तिमा १ घण्टा अगाडि प्रमूख प्रशासकिय अभिकृतलाई बुझाउनुपर्ने छ । प्रमूख प्रशासकिय अधिकृतले आबस्यकता अनुसार विषय विज्ञलाई

लगाई परिमार्जन गरी परीमार्जित प्रश्न पत्र शिलबन्दी गरी राख्नु पर्ने छ । गाउ गाउँपालिकाको जिम्मामा रहेको सिलबन्दी प्रश्नपत्र शिक्षा शाखा प्रमुख/स्रोत व्यक्तिको रोहबरमा परीक्षा समितिको अध्यक्षले परीक्षा संचालन हुनु भन्दा ३० मिनेट अगाडी सिलबन्दी खाम खोली प्रश्नपत्र परीक्षा संचालनमा खटिने कर्मचारी/प्रतिनिधीलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) कार्य विधिको दफा ५ उपदफा ३ बमोजिम तत्काल प्रश्न पत्र निर्माण गर्न संभव नभएमा प्रमूख प्रशासकिय अधिकृतले प्रश्न पत्र बैंकमा रहेको प्रश्न पत्र बाट छनोट गरी परीक्षा समितिलाई उपलब्ध गराउनु पर्ने छ । परीक्षा समितिले सोही प्रश्न पत्रबाट परीक्षा संचालन गराउनु पर्ने छ ।

(५) प्रश्नपत्रको गोपनीयता कायम गर्ने छनौट समिति र संलग्न कर्मचारी/प्रतिनिधीको दायित्व हुनेछ । परीक्षाको निरीक्षण एवं सुपरीबेक्षणको लागि परीक्षा समितिले प्रमूख प्रशासकिय अधिकृतलाई आमन्त्रण गर्नु पर्ने छ । उत्तर पुश्तिकाको कोडिङ्ग डिकोडिङ्ग र टेबुलेसन गर्ने जिम्मेवारी शिक्षा शाखा प्रमूखको हुने छ ।

(६) तोकिएको स्रोतव्यक्ति वा शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुखको रोहबरमा सम्बन्धित परीक्षा केन्द्रको हाताभित्र विषय विज्ञद्धारा उत्तर पुस्तिका परीक्षण गराईनेछ ।

(७) करार शिक्षक छनौट गर्दा अन्तरवार्ताको अंक विभाजन गर्दा शिक्षक सेवा आयोगले स्थायी शिक्षक छनौटका लागि तोके अनुसार हुनेछ । सामन्यत अन्तरवार्तामा पूर्णाङ्कको ३५ % भन्दा कम र ७५% भन्दा बढी दिन पाईने छैन । सो भन्दा बढी वा घटी दिनुपरेमा सबै सदस्यले कारण खुलाई मुचुल्का गर्नुपर्नेछ ।

(८) विषयको प्रकृति हेरी आवश्कताको आधारमा छनौट समितिले प्रयोगात्मक परीक्षा लिन सक्नेछ । तर लिखित परीक्षा अघि र अन्तरवार्ता पछि प्रयोगात्मक परीक्षा लिन सकिने छैन ।

(९) गाउँपालिकाको अनुदान तर्फ र विद्यालयका साविक स्वीकृत दरबन्दी अनुसार रिक्त हुने करार शिक्षक छनौट तथा सिफारिस समितिले सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा लगतैको योग्यता क्रममा रहेको उम्मेदवारलाई वैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

(१०) कार्यविधिको दफा (३) बमोजिम गाउँपालिकाको अनुदान तथा शिक्षा ऐनको दफा २७ को उपदफा (१) बमोजिमको समितिले साविक स्वीकृत दरबन्दीमा रिक्त हुने पदको लागि छनौट तथा सिफारिस हुने उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गरी सो को जानकारी गाउँपालिकाको शिक्षा शाखामा दिनुपर्नेछ ।

(११) तपशिल बमोजिमको अवस्थामा विद्यालयल ब्यबस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई नियुक्ति गर्न सक्नेछ :

(क) सिफारिस गरेको उम्मेदवारले ३० (तीस) दिनको अवधिभित्र पनि नियुक्ति नबुझे/नलिएमा,

(ख) सिफारिस गरेको उम्मेदवारको मृत्यु भएमा, निजले राजिनामा दिएमा,

(ग) नियुक्ति पत्र बुझेको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,

(१२) करार शिक्षक छनौट तथा सिफारिस समितिका पदाधिकारी, विषय विज्ञ र उम्मेदवार बीच कानूनले तोके अनुसारको नजिकको नाता सम्बन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।

(१३) छनौट तथा सिफारिस समितिका पदाधिकारी वा विषय विज्ञले प्रचलित कानुन बमोजिम बैठक भत्ता पाउने छन । प्रचलित कानुन बमोजिम प्रश्न पत्र निर्माण , परिमार्जन परीक्षा संचालन, सो को निरीक्षण तथा सुपरीबेक्षण , उ. पु. परीक्षण तथा सम्परीक्षण , अंक टेबुलेसन खर्च , अन्तरवार्ता लिए वापत लाग्ने पारीश्रमिक र अन्य खर्च समेत विद्यालयले ब्यहोर्नु पर्ने छ ।

(१४) यस कार्य विधिको दफा ४ उपदफा २ बमोजिम गाउँपालिकाले विज्ञानपन गरेमा शिक्षक छनोट कार्य गर्दा लाग्ने सम्पूर्ण खर्च गाउँपालिकाले नै ब्यहोर्ने छ ।

## परिच्छेद-८

## विविध

१०. **थपघट, व्याख्या वा हेरफेर** : (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्नसक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा मंगला गाउँपालिकाको शिक्षा ऐन, २०७५, गाउँशिक्षा समितिको निर्णय, शिक्षक सेवा आयोगको नियमावली र अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार हुनेछ ।

११. **खारेजी र बचाउ** : (१) यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन, कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

(२) तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।